- **ट्राफिक नियन्त्रण (प्र.ज.देखि प्र.व.ह.) तालिम चौथो समूहको तालिम उद्घाटन कार्यक्रम सम्पन्न**

(२०८१ कात्तिक ०१ गते):
मिति २०८१ कात्तिक ०१ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको ४५ कार्यदिन अवधिको ट्राफिक नियन्त्रण (प्र.ज.देखि प्र.व.ह.) तालिम चौथो समूहको तालिम संयोजक प्रहरी निरीक्षक मिलन थापाज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।



- **सम्मान कार्यक्रम सम्पन्न**

(२०८१ कात्तिक ०१):
नेपाल प्रहरी कार्यदक्षता मूल्याङ्कन (Police Baton), २०८१ मा सर्वोत्कृष्ट समादेशक बन्न सफल यस कोशि प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक श्रद्धेय श्रीमान् प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू र ६९ औं प्रहरी दिवस, २०८१ मा परस्कृत हुनु हुने प्रहरी कर्मचारीहरू एवं विभिन्न खेलका विजेता, उप-विजेता र निर्णायकहरूलाई यस केन्द्रका समादेशक तथा कर्यक्रमको प्रमुख अतिथि श्रद्धेय श्रीमान् प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूले अबिर खदा लगाई सम्मान गर्नु का सथै नेपाल प्रहरी कार्यदक्षता मूल्याङ्कन (Police Baton), २०८१ मा प्रहरी तिलिम केन्द्रहरू मध्येबाट कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगर सर्वोत्कृष्ट प्रदेश प्रहरी तालिम केन्द्र हुन सफल भएकोमा यस केन्द्रमा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई बधाई तथा धन्यवात ज्ञापन गर्दै आवश्यक निर्देशन सम्बोध समेत दिनु भएको थियो।
उक्त कार्यक्रममा प्रहरी निरिक्षक गुरू प्रसाद तिम्सिन,प्रहरी निरीक्षक ऋषि राज ढकाल, प्रहरी निरीक्षक मिलन थापा, प्रहरी निरीक्षक आशिस पोखरेल,जुनियर प्रहरी अधिकृतहरू,प्र.ह./प्र.ज., प्र.का.स. लगायत विभिन्न सेवाकालिन तालिमका प्रशिक्षर्थीहरू समेतको उपस्थिति रहेको थियो।



- **उद्घाटन कार्यक्रम सम्पन्न**

(२०८१ कात्तिक ०६):
मिति २०८१ कात्तिक ०६ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको ३३ कार्यदिन अवधिको अपराध अनुसन्धान (जु.प्र.अ.) तालिम ४० औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।



- **अप्रेशनल कमाण्ड तथा व्यवस्थापन ( OCM level -1 ) ( जु.प्र.अ.) तालिम ३० औं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न**

(२०८१ कात्तिक ०९ गते):
मिति २०८१ असोज ०७ गतेबाट यस तालिम केन्द्रमा संचालित २४ कार्यदिन अवधिको अप्रेशनल कमाण्ड तथा व्यवस्थापन ( OCM level -1 ) ( जु.प्र.अ.) तालिम ३० औं समूहको आज मिति २०८१ कात्तिक ०९ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा समापन कार्यक्रम सु-सम्पन्न भयो।
साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो।
उक्त कार्यक्रममा तलिम संयोजक तथा प्रहरी निरीक्षक ऋषि राज ढकाल , प्रहरी निरीक्षक मिलन थापा, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **शुभ-जन्मोत्सवको शुभकामना आदान प्रदान तथा निरीक्षणमा उत्कृष्ट हुने प्रहरी कर्मचारीहरुलाई पुरस्कार वितरण कार्यक्रम सम्पन्न:**

(२०८१ कात्तिक ११ गते):
आज मिति २०८१।०७।११ गते आईतबार यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूले रोलकोल लिनु भई उपस्थित कर्मचारीहरूलाई अनुशासन तथा प्रहरी आचरणका सम्बन्धी आवश्यक निर्देशन दिनुभयो।
साथै उक्त रोलकोल कार्यक्रममा कात्तिक महिना भरी जन्मोत्सव पर्ने प्रहरी कर्मचारीहरूको सामूहिक रूपमा केक काटी "Birth Month" मनाउनुका साथै निरीक्षण कवाजमा व्यक्तिगत टर्नआउटतर्फ उत्कृष्ट हुने प्रहरी कर्मचारीहरूलाई मेहनतको उच्च कदर स्वरुप पुरस्कृत समेत गर्नुभयो।



- **हिरासत सुरक्षा तथा कारागार व्यवस्थापन (प्र.ज. देखि प्र.व.ह.) तालिम तेस्रो समूहको उद्घाटन कार्यक्रम सम्पन्न:**

  (२०८१ कात्तिक १२ गते):

  मिति २०८१ कात्तिक १२ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको १० कार्यदिन अवधिको हिरासत सुरक्षा तथा कारागार व्यवस्थापन (प्र.ज. देखि प्र.व.ह.) तालिम तेस्रो समूहको तालिम संयोजक प्रहरी निरीक्षक मिलन थापाज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो ।



- **कार्यलय संचालन दक्षता अभिवृद्धि (प्र.ज. देखि जु.प्र.अ.) २५ औं समूहको तालिम उद्घाटन कार्यक्रम सम्पन्न**

  (२०८१ कात्तिक १२ गते):

  मिति २०८१ कात्तिक १२ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको ३० कार्यदिन अवधिको कार्यलय संचालन दक्षता अभिवृद्धि (प्र.ज. देखि जु.प्र.अ.) तालिम २५ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक गुरू प्रसाद तिम्सिनाज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो ।



- **वित्तीय साक्षरता कर्यक्रम सम्पन्न**

  (२०८१ कात्तिक १२ गते):

  कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरुका लागि सिद्धार्थ क्यापिटल लिमिटेड, विराटनगरबाट पाल्नु भएका अधिकृत प्रकाश सुबेदीज्यूद्वारा सहजीकरण तथा यस केन्द्रका समादेशक प्र.व.उ अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यमा एक दिवसीय "वित्तीय साक्षरता तथा डिजिटल कारोबार सम्बन्धी सचेतनात्मक कार्यक्रम" सम्पन्न गरियो ।



- **भिड नियन्त्रण सम्बन्धी पुनर्ताजगी अभ्यास तालिम प्रथम समूहको उद्घाटन कार्यक्रम सम्पन्न**

  (२०८१ कात्तिक १२ गते):

  मिति २०८१ कात्तिक १२ गते कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक चन्द्र कुवेर खापुङज्यू र यस कन्द्रका समादेशक प्र.व.उ. अबि नारायण काफ्लेज्यू बिचमा भएको कार्यसम्पादन सम्झौता अनुसार यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरू मध्येबाट ८० प्रतिशतलाई संचालन हुन गईरहेको ३ कार्यदिन अवधिको "भिड नियन्त्रण सम्बन्धी पुनर्ताजगी अभ्यास तालिम" प्रथम समूह यस केन्द्रका प्रहरी निरीक्षक गुरू प्रसाद तिम्सिनाज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो ।



- **सुरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम ५१ औं समूहको उद्घाटन कार्यक्रम सम्पन्न**

  (२०८१ कात्तिक १३ गते):

  मिति २०८१ कात्तिक १३ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको २६ कार्यदिन अवधिको सुरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम ५१ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो ।



- **हृदयरोग सम्बन्धी सचेतनामूलक कर्यक्रम सु-सम्पन्न**

  (२०८१ कात्तिक २५ गते):

  मिति २०८१/०७/२५ गते आईतबार हृदयरोग विशेषज्ञ डा.भगवान कोईरालाज्यूबाट यस कोशी प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगर परिसरमा अवस्थित बहुउद्देश्यीय भवनमा हृदयरोग सम्बन्धी सचेतनामूलक कर्यक्रम सु-सम्पन्न भयो ।

  तालिम प्रदाय संस्थाको वाह्य प्रशिक्षण गतिविधिमा प्रत्यक्ष संलग्न रहने प्रशिक्षक वर्गहरुको लागी पहिलो सर्त "स्वास्थ्य मुटु" भएको हुँदा र विगतमा यस केन्द्रमा कार्यरत केही प्रशिक्षकहरुमा मुटु रोगको कारण भएको स्वास्थ्य समस्या र क्षतिलाई कम गर्ने उद्देश्य अनुरुप डा. भगवान कोईरालाज्यूद्वारा Heart Health, Leadership, Integrity, Handling Emotions, Mind & Body Health लगायतका विषयमा उपस्थित सम्पूर्णमा सचेतना गराउनका साथै सहभागीहरुबाट आएको जिज्ञाशाको सम्बोधन समेत गर्नु भयो । कार्यक्रमको अन्त्यमा यस केन्द्रका समादेशक प्र.व.उ. अबि नारायण काफ्लेज्यूद्वारा सम्मान स्वरुप डा. भगवान कोईरालाज्यूलाई मायाको चिनो प्रदान गर्नु भयो ।

  उक्त कार्यक्रममा तालुक जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद भट्टराई, तालुक कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक चन्द्र कुबेर खापुङ, यस तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्ले, तालुक कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक भिम बहादुर दाहाल, नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल विराटनगरका मुटु रोग विशेषज्ञ डा. राजेश नेपाल, जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक नारायण प्रसाद चिमरिया, यस तालिम केन्द्रका प्रहरी निरीक्षकहरू लगायतको उपस्थिती रहेकोमा तालिम केन्द्रमा कार्यरत विभिन्न दर्जाका ६५ (पैसठ्ठी) जना प्रहरी कर्मचारीहरुको सहभागिता रहेको थियो।



- **अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०२ औं समूहको उद्घाटन कार्यक्रम सम्पन्न**

  (२०८१ कात्तिक २६ गते):

  मिति २०८१ कात्तिक २६ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको २६ कार्यदिन अवधिको अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०२ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक गुरू प्रसाद तिम्सिनाज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो ।




- **हिरासत सुरक्षा तथा कारागार व्यवस्थापन (प्र.ज. देखि प्र.व.ह.) तालिम तेस्रो समूहको प्यानल छलफल,अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न: ३० कात्तिक २०८१, विराटनगर**

  मिति २०८१ कात्तिक १२ गतेबाट यस तालिम केन्द्रमा संचालित १० कार्यदिन अवधिको हिरासत सुरक्षा तथा कारागार व्यवस्थापन (प्र.ज. देखि प्र.व.ह.) तालिम तेस्रो समूहको आज मिति २०८१ कात्तिक ३० गते यस केन्द्रका नि.समादेशक प्रहरी निरीक्षक गुरू प्रसाद तिम्सिनाज्यूको प्रमुख आतिथ्यमा समापन कार्यक्रम सु-सम्पन्न भयो ।

  साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो ।

  उक्त कार्यक्रममा कारागार कार्यालय मोरङका कारागार प्रमुख चेतराज बराल, जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी प्र.ना.उ. वेद प्रकाश जोशी, बाल सुधार गृह मोरङका प्रमुख मिलन चौहान, प्रहरी निरीक्षक ऋषि राज ढकाल , तलिम संयोजक तथा प्रहरी निरीक्षक मिलन थापा, प्रहरी निरीक्षक प्रभात लक्सम लिम्बु,जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो ।

